हुन्थ्यो । त्यो पूजा कोठामा हरेक पन्ध्र दिनमा भात पकाएर खाने चलन थियो । त्यसमा सिकारी (महादेव) बसेका छन् भन्ने विश्वास लिइन्थ्यो र पर सरेका महिलालाई प्रवेश निषेध गरिएको थियो । अहिले आएर यस किसिमको विशेष कोठा कुनै पनि किसानको घरमा छैन ।

दशैं भन्दा तिहारलाई यिनीहरूले विशेष रूपमा मान्दछन् । तिहारमा लक्ष्मी पूजा गर्ने, मिठो खानेकुरो भन्दा विशेष कुरो न्वांगी (नयाँ अन्न) खाँदा गुवाली (गोठ) मा भाले पूजा गर्ने चलन छ । न्वांगी खाँदा भात पकाउने भान्सेले अनिवार्य रूपमा नयाँ लुगा लगाउनु पर्छ । महिलाले लगाउनेमा यो नयाँ लुगा (धोति) पारी भएको सेतो रङ्गको हुन्छ । यो रङ्ग महिला तथा पुरुष दुवैको प्रिय रङ्ग हो ।

फागु पुर्णिमा (फगुवा) र हरिशयनी एकादशीलाई पनि यिनीहरू विशेष रूपमा मान्दछन् । हरिशयनी एकादशीका दिन देउठइन (तुलसीको मोठ) मा तुलसीको पूजा गर्दछन् ।[९] फगुवामा भने विशेष सेल रोटी खाएर नाचगान गर्दछन् । यिनीहरू धानको बिउ राख्नु अगाडि बैशाख, जेठ महिनामा गरम सेवा पूजा गर्दछन् । यो पूजाका लागि प्रत्येक किसानका घरबाट एउटा कुखुराको भाले, पान, सुपारी, केरा, मिठाई, रातो, सेतो र कालो रङ्गको कपडाका टुक्राहरू ल्याएर ढुङ्गाको देवता स्थापना गरेर त्यसलाई शिवजी, ग्राम देवी आदि मानेर पूजा गर्दछन् । पूजा गर्दा धामीले "जुवाइर जुवाइर पुरव जुवाइर, पश्चिम जुवाइर, दक्षिण जुवाइर, चाइर खुट चाइर पृर्थी (पृथ्वी) आकाश जुवाइर, पाताल जुवाइर, चाँद सुरत (सूर्य) भाभि भगवान, कृष्ण भगवान, महादेव और पार्वतीके जुवाइर"[१०], भन्ने मन्त्र पाठ गर्दछ र धुपवत्ति गरी पूजा गर्दछ । यो पूजा पछि भोज खाएर अनुकूल समयमा यिनीहरू धानको बिउ छर्ने काम गर्दछन् । यसरी खेती शुरू हुन अगाडि पृथ्वी, आकाश, पाताल, कृष्ण, महादेव, पार्वती, आदिको स्मरण गरी विशेष पूजा गरेपछि खेती गर्ने कार्यको शुभारम्भ गर्नु यिनीहरूको धार्मिक विशेषता हो ।

भुत, प्रेत, डकिंनी (डायन) बोक्सी (मुर्खरी) आदिमा पनि यिनीहरूको त्यतिकै विश्वास छ । भुत, प्रेत, डकिंनी, बोक्सी आदिले दुःख दिएमा देवाइरले परेवा, कुखुराको बली दिएर पन्छाउँछ । यो पन्छाउन "सिद्रुपा चौरा साधर मसान साधर कुवारी साधर राजा बस कौरु गुरु काजी कमन लील वहाँ दैत वहाँसंग साथी इश्वर गुरा महादेव, पार्वति के दुहाइ"[११] भनेर देवाइरले मन्त्र पाठ गर्दछ । धामीलाई देवाइर पनि भनिन्छ । यो लेख तयार गर्ने क्रममा जम्मा दुइजना देवाइरसंग भेट भएको थियो । उनीहरूको अनुसार धामीका मन्त्र सिक्न एउटा छुट्टै घर हुन्छ । इच्छुक व्यक्तिलाई बेलुका खाना खाए पछिको समयमा यही घरमा धामीले मन्त्र सिकाउँछ । हाल यस प्रतिको आकर्षणमा कमी आइरहेको छ । धामी वा देवाइर यिनीहरूको आफ्नै किसान जात भित्रको मात्र हुन्छ ।

किसानहरू मान्छेको मृत्यु पछि ऊ स्वर्गमा जान्छ भन्ने विश्वास लिन्छन् । मृत्यु भएको व्यक्ति केही समय पछि फेरी जन्म लिएर आफ्नै कुलमा आउँछ भन्नेमा पनि यिनीहरूको विश्वास छ । यो कुरा पत्ता लगाउन यिनीहरू आफ्नो कुलमा कुनै बच्चाको जन्म भएपछि उसको नाम राख्ने दिन एउटा थालमा पानी राख्दछन् र त्यसमा विस्तारै चामलका गेडा खसाल्दै जान्छन् । त्यसरी चामलका गेडा थालमा खसाल्दा आफ्नो मृत पितृका नाम पनि लिदै जान्छन् । पितृका नाम लिइसकेपछि पुनः नवजात शिशुलाई सम्झेर चामलका गेडा खसाल्छन् । यसरी खसालेको चामलको गेडा पानीमा नडुबिकन जुन पितृका नाममा खसालेको चामलसंग घुमेर मिल्न जान्छ त्यो शिशुलाई त्यही पितृको रूप सम्झीन्छन् । यसरी यिनीहरूमा पुनर्जन्म छ भन्ने कुरामा पनि पूर्ण विश्वास रहेको छ ।

संस्कारहरू:-

प्रत्येक जातिका आ-आफ्नै संस्कारहरू हुन्छन् । जन्मदेखि मृत्युसम्म गरिने यी संस्कारहरू प्रत्येक जातिले आफ्नै किसिमले सम्पन्न गर्दछन् । मानिसले सामाजिकरण, सांसारिक सुख र आध्यात्मिक उन्नतिका लागि संस्कार सम्पन्न गर्दछ ।[१२] संस्कारले मानिसलाई संस्कारित, शुद्ध वा परिस्कृत पार्दछ ।[१३] किसानहरू पनि सामाजिकरणका लागि र संसारिक सुखकालागि तथा आफूलाई संस्कारित शुद्ध वा परिस्कृत पार्न विभिन्न संस्कारहरू सम्पन्न गर्दछन् । यिनीहरूले गर्ने संस्कारहरूमा बच्चा जन्मेपछि न्वारन वा नामाकरण संस्कार र त्यसपछिका विवाह र मृत्यु संस्कार मुख्य रूपले रहेका छन् ।

जन्मः

किसान समुदायमा एउटा बच्चाले जन्म लिदा दुई पटक न्वारन गर्ने चलन रहेको छ । छोरा होस् वा छोरी होस् बच्चा जन्मेको ६ दिनका दिन हजाम बोलाएर शिशुको कपाल काटेपछि पहिलो पटकको न्वारन सकिन्छ । यसरी शिशुको कपाल काटेपछि शिशु र आमालाई सबैले छुन सकिन्छ । शिशुको कपाल काटेर न्वारन गर्ने चलन यहाँका मेचे जातिमा पनि छ । यो भन्दा अगाडि किसान जातिहरूले गर्ने कुनै संस्कार छैन । बच्चा जन्मेको १२ दिनका दिन अर्को न्वारन गर्ने चलन छ । यो न्वारनलाई यिनीहरू बरही भन्दछन् । यो न्वारन गर्दा छोरा जन्मेको भएमा रातो रङ्गको भाले कुखुरा र छोरी जम्मेको भएमा रातै रङ्गको पोथी कुखुरा काटेर देवाइरले "राइत राखे चन्द्रमाए दिन राखे शुरुत माए नगर राखे मह माए सुइनके सिपालङ हाइसके सबथे रङ्गबीर घटबीर देवी चकर दुर्गा माता हाय रखुबार देवताके हात परल जाए"[१४] भन्ने मन्त्र पाठ गरेर धुपबत्ति बाली पूजा गर्छ । यसै दिन देवाइर र सुडेनीको सल्लाह अनुसार बच्चा जन्मेको बार तथा घटनाका आधारमा सो बच्चाको नाम राखिन्छ । यो न्वारन गर्दा शिशु र आमालाई शुद्ध पार्न उनीहरूको शरीरमा तेल र बेसार दल्ने काम गरिन्छ । यसरी तेल बेसार मालिस गर्ने काम सकिएपछि काटिएको कुखुराको रगतको टिका शिशु र आमालाई लगाइन्छ । यसरी टिका लगाइसकेपछि न्वारनको सम्पूर्ण कार्य सकिन्छ । पारिश्रमीक स्वरूप देवाइर र सुडेनीलाई एक एक जोर कपडा दिएर बिदा गरिन्छ । यिनीहरूको समुदायमा सुडेनीको पनि छुट्टै महत्त्व छ । जुन सुकै स्वास्नी मान्छे सुडेनी हुन सक्दिन ।[१५] बच्चाको न्वारनमा एक जोर कपडा पाइने भएकोले[१६] पनि सुडेनीको महत्त्व बढेको स्पष्ट देखिन्छ । यो संस्कार पछिको यिनीहरूको अर्को संस्कार विवाह संस्कार हो ।

विवाहः-

विवाह केटा र केटीलाई एकै सूत्रमा बाँध्ने पवित्र बन्धन हो भन्ने धारणा किसान जातिमा पनि छ । त्यसैले सबै जातिहरूले यो संस्कारलाई समान महत्त्व दिएको पाइन्छ । किसान जातिले यो संस्कार आफ्नै परम्परा अनुसार सम्पन्न गर्दछन् । विवाहको कुरो लमी मार्फत नै मिलाउँछन् । विवाहको कुरो मिलाउन केटा पक्षबाटै पहल गरिन्छ । लमीलाई केटीका घरमा पठाएपछि केटीका बाबु आमाले उसलाई आफ्नो घरमा आउनाको कारण सोध्छन् । लमीले तपाईको घरमा एउटा राम्रो फूल फूलेका रहेछ, त्यो फूल टिप्न पाइन्छ कि पाइदैन भनेर मलाई फलानाको घरबाट सोध्न पठाएको भन्छ । आफ्नी छोरी त्यो घरमा दिन इच्छा भएमा केटीका बाबु आमाले फूल र फल मिल्दो जुल्दो छ भने टिप्न पाइन्छ भने पछि विवाहको कुरोमा अभिभावकका तर्फबाट स्वीकृति जनाइन्छ । त्यसपछि केटाका तर्फबाट केटीलाई गहना र कपडा लिएर केही मानिस केटीका घरमा जान्छन् । सो गहना र कपडा लगाएर केटीले केटा पक्षका मानिसहरू र त्यहाँ उपस्थित भएका गाउँका आफन्त र गन्य मान्यलाई ढोगे पछि केटीले पनि विवाहको लागि स्वीकृति दिएको मानिन्छ । त्यसपछि केटा पक्षबाट केटीका घरमा दुइमन (८० के.जी.) धान, एक मन (४० के.जी.) चामल र पाँच के.जी. दाल पुऱ्याउन पठाउनु पर्छ । यसरी धान, चामल, दालको रीत बुझाएपछि विवाहको समय तोकिन्छ । केटोको आर्थिक अवस्था कमजोर भएमा यसै दिन केटीका घरमा विवाह गरिन्छ । नत्रभने यो रीत बुझेपछि केटीका बाबु आमा र आफन्तले केटीलाई लिएर विवाह तोकिएका दिनमा केटाका घरमा जन्ती जानु पर्छ र केटाकै घरमा विवाह सम्पन्न हुन्छ ।

किसानहरूले विवाहका लागि केही लचिलो नीति लिएका छन् । विवाहको कुरो पक्का भइसकेपछि केटामा केही आर्थिक भार पर्ने भएकाले यो विवाह एक वर्षदेखि बीसौं वर्षपछिसम्म पनि हुन सक्छ । यो अवधिमा केटीले केटाकै घरमा बस्न सक्छे । विवाह नभइकन यस्तो अवस्थामा यो जोडीबाट सन्तान भएमा अन्यथा मानिदैन । यस्तो जोडीबाट जम्मेको बच्चाको विवाह गर्नु अघिल्लो दिनसम्म भएपनि उनीहरूको विवाह हुनु पऱ्यो । किसान समाजले पनि केटा केटीका बाबु आमाको नियम अनुसार विवाह भएको छ छैन भनेर विशेष चासो राख्दछ ।[१६] झापाका मेचे तथा सतारहरू पनि केटाकै घरमा विवाह गर्दछन् । किसानहरूमा केटीका घरमा विवाह गरेको उदाहरण पाउन भने गाऱ्हो छ ।

विवाह गर्दा अन्य हिन्दूहरुको जस्तै किसानहरूले पनि यज्ञ बनाएर दियो कलशको स्थापना गर्दछन् । यज्ञमा जनै सुपाडी राखेर देवाइरले लगन भएको बताउँछन् ।

बेहुलालाई सेतो कपडामा बेसार दलेर पहेंलो पारिएको धोती र कमिज तथा बेहुलीलाई पनि त्यसै गरी रङ्गाइएको धोती र ब्लाउज लगाइदिएर विवाह मण्डपमा राखिन्छ । बेहुला बेहुलीको शरीरमा काँचो बेसार दलिएको हुन्छ । यसरी बेसार दल्नुको मतलब विवाह हुन लागेका जोडीलाई इश्वरले राम्रोसंग चिन्न सकुन् भनेर हो ।[१७] विवाहको रात भर त्यहाँ उपस्थित समूहले बेहुला बेहुलीको लाज पचोस भनेर उनीहरूसंग बस्छन् । भोली पल्ट बिहान बेहुला बेहुलीलाई नुहाइदिएर पुनः यज्ञ मण्डपमा बसाउँछन् । यसपछि बेहुलीको भाइले भुटेको धानको फूल दिदी भिनाजु अगाडि रहेको सुपली (सानो नाङ्लो) मा राखिदिन्छ । यसो गर्नु अगाडि उसले भिनाजुबाट एउटा धोती पाउँछ । त्यसपछि बेहुला बेहुली उक्त सुपली खेलाउँदै नाच्दै विवाह मण्डपमा तीनदेखि पाँच फन्का घुम्छन् । त्यसपछि बेहुलीकी आमा हजुरआमाले छोरी ज्वाँइको गोडा धुने काम गर्दछन् । गोडा धुँदा बेहुलीकी आमा हजुरआमाले एउटा थाल, लोटा, गिलास छोरीलाई उपहार दिन्छन् । गोडा धुँदा बेहुला पक्षबाट केटीकी आमा हजुरआमालाई एक एक जोर कपडा उपहार दिनु पर्छ । गोडा धुने कार्य सकिएपछि यज्ञ मण्डपमा बेहुलीको सिउँदोमा बेहुलाले तेलिया किसान भएमा तेलको टिका (सिन्दुर सट्टामा) र सेन्द्रीया किसान भएमा सिन्दुर नै लगाइदिन्छ । यसरी किसानको विवाह सम्पन्न हुन्छ । विवाह मण्डपमा हुने सामान्य पूजा पाठका कार्यहरू यिनीहरूको देवाइरबाट हुन्छ ।

विवाह सम्पन्न भएको १५ दिनपछि दुषी फर्काउने कार्य (दुलही माइत फर्कने) गरिन्छ । यो कार्यलाई यिनीहरू बौरत पनि भन्दछन् । बौरत फर्किदा छोरीलाई बच्छी उपहार दिएर पठाउने चलन छ । किसान जातिमा काका, बढाबा, आदि बाहेक नजिकैको ३-४ पुस्ताभित्र पनि विवाह हुने कुरो मागुरमाडी-४ सेमेरडङ्गाका जोगी किसान, मेची नगर नगरपालिका-६ च्याल्मे गाउँका तोहिला किसान, सुबा बस्तीका शनिचरवा किसान, अनारमनि-१ बुट्टाबारीका बौवा किसान तथा स्व. राजा ढोडी किसानकि विधवा चिलमाया किसान बताउँछन् । यिनीहरू मामा फुपुका चेला चेलीका बीचमा पनि विवाह गरदैंनन् । मामा चेला चेलीका बीचमा पनि विवाह गर्दैनन् । मामा चेला फूपू चेलीबाट २-३ पुस्ता पर गएपछि विवाह गरे हुन्छ ।

किसान जातिमा प्रेम विवाह, विधवा विवाह, बहु विवाह आदि पनि प्रचलित थिए । यी विवाहहरू मध्ये प्रेम विवाहका उदाहरण अहिले पनि पाइन्छन् । आफ्नो नाता भित्रकी केटी कुनै केटाले भगाएर ल्याएको रहेछ भने पनि उसलाई पाप कट्ने स्वरूप राजाले चार पाँच सय दण्ड तिराएर विवाहको आज्ञा दिन्थे । अहिले यो दण्डको रकम बढाएर २००० पुऱ्याएको छ । यो रकम बाहेक राजालाई एउटा बोको छुट्टै दिनु पर्ने र केटीकी आमा हजुरआमालाई एक एक जोर कपडा, सालोलाई एउटा धोती उक्त दण्डको रकमबाट तिरेर बाँकी रकमबाट राजालाई दिएको बोको काटेर केटा केटी राजा र समाजसंगै बसेर भोज खान्छन् । त्यसपछि नाता कुटुम्बभित्र गरिएको प्रेम विवाहले पनि मान्यता पाउँछ । नाता नपर्ने तर आफ्नो जातभित्रको केटीसंगको प्रेम विवाहमा दण्ड तिर्नु पर्दैन । तर केटीकी आमा हजुरआमालाई एक एक जोर कपडा र सालोलाई एउटा धोती भने केटाले अनिवार्य रूपमा दिनु पर्छ ।

बिधवा विवाहका लागि केटो पनि बिधुर नै हुनुपर्ने नियम छ । यस्तो विवाहलाई सगइ विवाह भनिन्थ्यो । अहिले बिधवा विवाहका उदाहरण पाइदैनन् । यसैगरी किसान जातिमा बहु विवाहको पनि प्रचलन थियो । हुनेखानेले दुई तीनवटी विवाह गर्दथे भनेर शान्ति नगर बस्ने चिया कमानका नौवा किसान र मागुरमाडिका ६५ बर्षिय पुना किसान बताउँछन् । हाल आएर कुनै पनि किसानका दुईवटी स्वास्नी भएका उदाहरण दिन सकिन्न । बहु विवाह गरेमा पनि त्यसलाई किसान जातिहरू अनौठो ठान्दैनन् ।

मृत्यु संस्कारः-

मृत्यु संस्कार सम्पूर्ण मानवजातिले गर्ने अन्तिम संस्कार हो । किसान जातिले गर्ने यो संस्कार अन्य जातिको भन्दा केही फरक देखिन्छ । कुनै व्यक्तिको मृत्यु भएपछि उनीहरू लासमा तेल बेसार दल्ने कार्य गर्दछन् । यसो गर्नुको मतलब लास शुद्ध पार्नु हो । यो कार्यलाई किसानहरू “हर्दी तेल माइक दे” भन्दछन् । यसरी हर्दी तेल माइक भइसकेपछि लास उठाएर घाट तर्फ लगिन्छ । लासलाई जलाउने वा गाड्ने दुवै कार्य गर्न सकिन्छ । तर लास जलाउन वा गाड्न अगाडि चिहान किन्नु पर्ने यिनीहरूको

अनौठो चलन छ । चिहान किन्न त्यस वरिपरी रूपैया पैसा छर्दछन् । लास जलाउने भएमा जेठो छोराले दाग बत्ति दिएपछि अरू मलामीले लास जलाउन सघाउँछन् । लास गाड्ने भएमा पनि जेठो छोराले माटो दिएपछि मात्र अरू मलामीले त्यो कार्यपूरा गर्न सघाउँछन् । लास जलाउने वा गाड्ने कार्य पूरा भइसकेपछि चिहानमा एक जोर थाल कचौरा राखिदिएर चिहान वरिपरि धान, चामल राखिदिने गरिन्छ । मृतकलाई अर्को लोकमा बस्न खान केही अप्ठ्यारो नपरोस् भनेर यस किसिमको कार्य गरिएको हो ।

लास जलाउने वा गाड्ने कार्य समाप्त भएपछि घर आएर मृतकको जेठो छोरो मात्र किरिया बस्छ । अरू छोरा किरिया बस्न आवश्यक छैन । छोरो नभएमा नजिकको व्यक्ति र सो पनि नभएमा मृतककी छोरीले पनि काज किरीया गर्न सक्ने नियम छ । किरीया गर्ने कार्यलाई यिनीहरू पानी राखेको भन्दछन् । छोरीले किरीया गर्न नपरेमा उसलाई ३ दिनमात्र जुठो लाग्छ । किरीया गर्न बस्नेले १३ दिनसम्म नुन, खोर्सानी, तेल, माछा, मासु खाँदैनन् । तर छुट्टै चोखो खाएर बस्न नियम छैन । उसले वल्लो पल्लो घरमा जान र तिनीहरूसंग बस्न सक्छ । तर, कुकुर, कुखुरा आदि छुनु हुँदैन । खोला तर्ने कार्य गर्न नहुने भएकोले दैनिक नुहाई धुवाई इनारमा मात्र गर्नु पर्छ । किरीया नबस्ने छोरालाई भने यो नियम लाग्दैन ।

मृत्यु भएको १३ औं दिनमा हजम बोलाएर सबै छोराको दाह्री, कपाल खौरीने कार्य गरिन्छ । नजिकका दाजु भाइले पनि दाह्री खौरीनु पर्छ । कपाल खौरनु अनिवार्य छैन । अन्त्यमा किरिया बस्नेको दाह्री कपाल खौरे पछि उसलाई खोलामा लगिन्छ र उसको टाउकोमा तेल बेसार दलिन्छ । तेल बेसार लगाउने कार्य सकिएपछि उसले हातमा दतिवन लिएर मृतकको सम्झनामा ५ अंजुली पानी चढाउँछ र नुहाउने कार्य गर्दछ । नुहाइसकेपछि लोटामा पानी लिएर घर फर्कन्छ । घर पुगेपछि दुबोले लोटाको पानी गोडामा छर्केर घर भित्र पस्छ । यो कार्य ऊ संग खोलामा गएका अन्य व्यक्तिहरूले पनि गर्दछन् । यस पछि नुन खोर्सानी पिँधेर बनाइएको पानीको घोल सबैले खान्छन् र शुद्ध भएको सम्झन्छन् । अन्त्यमा मृतक पुरुष भएमा धोती र स्त्री भएमा साडी दिएर हजामलाई बिदा गर्दछन् । हुने खानेहरूले साडी र धोतीका अतिरिक्त खाद्यान्न, थाल, कचौरा, लोटा र गाईको बाच्छी समेत हजामलाई दान गरेर पठाउँछन् । यस्तो किसिमको दान आफूले लिन नहुने भएकाले यिनीहरू जन्म तथा मृत्युमा आफैले कपाल खौरने काम गर्दैनन् ।

किरिया सकिएको भोलिपल्ट मृत व्यक्तिसंग घर टोल छिमेकका अन्य व्यक्तिको सातो नजाओस् भनेर सातो बोलाउने कार्य गर्दछन् । यो कार्यलाई यिनीहरू "छाइ पहुनक" भन्दछन् । यो "छाइ पहुनक" गर्न एउटा कुखुराको रातो भाले र रातो र कालो रङ्गका गरी दुई वटा पोथी कुखुरा आवश्यक पर्छ । यसपछि टपरीमा थोरै चामल र एउटा कुखुराको अण्डा राखिन्छ । यो अण्डामा एउटा सानो प्वाल पारेर मृत व्यक्तिको नाम लिंदै कुखुराको प्वाँखले अण्डामा चोप्दै मानिसहरूलाई छर्कदै गरेर धामीले मन्त्र पाठ गर्दै एउटा सानो पूजा गर्दछ । यसपछि सो अण्डालाई केही पर लगेर फाल्छ र कुखुराको ती भाले पोथी काटेर पूजा गरेपछि प्रसादका रूपमा त्यसको मासु खाएर घर फर्कन्छन् । किरियाका सम्पूर्ण कार्य सकिएपछि सातो बोलाउने अनौठो प्रचलन यो जातिमा रहेको छ । एक वर्षसम्म किरिया बस्ने छोराले र उसकी श्रीमतीले सेता लुगा लगाएर आसौच बार्दछन् ।

निष्कर्षः-

किसान जाति नेपालबाट लोप हुन लागेको अवस्थामा पुगेको एउटा जाति हो । यो जाति झापा जिल्लाका विभिन्न १३ स्थानमा (तर नजिकै रहेका स्थानमा) छरिएर रहेका छन् । आफूहरू कुशबाट उत्पन्न भएकाले अरु जाति भन्दा आफ्नो जाति उच्च रहेको यिनीहरूको दाबी रहेको छ । हाल आएर उराव तथा कावंर जातिलाई पनि किसान जातिकै प्रजाति भनेर भ्रम फैलाएका कारण यिनीहरूलाई दुःख लाग्छ । तर पनि सामाजिक दण्ड तिरेर भएपनि आफू भन्दा तलका मानिएका उराव र कावंर जातिसंग पनि यिनीहरूको वैवाहिक सम्बन्ध कायम हुन्छ । यस किसिमको दण्ड तिरेर गरिने विवाह प्रति यिनीहरूको मन दुख्छ । आफ्नो जातमा कुनै ठूलो र सानो जात नहुने बताउने किसान जाति अझैसम्म पनि पहाडिया बाहुन क्षेत्रीले पकाएको भात खान हिच्किचाउँछ । यो जातिको आफ्नो छुट्टै सामाजिक परिवेश छ । अझैंसम्म पनि सकेसम्म यिनीहरू आफ्नो समाज

भित्रका कुनैपनि झैं झगडा र मुद्दा मामिलाका कुरा आफ्नो समाज बाहिर जान दिंदैनन् । आफ्नो समूहको राजाले दिएको निर्णय नमानेमा समाजमा आफ्नो पानी नचल्ने र समाजबाट अलगिएर बस्नु पर्ने बाध्यता रहेकाले किसान जाति एकै समूहमा बाँधिएर एक ढिक्का भएर रहेको छ । यस किसिमको सामाजिक विशेषता अन्य जातिमा देखिंदैन । थोरै मात्र चाड पर्व मान्ने यो जातिका जन्म विवाह र मृत्यु संस्कार गरेर तीन वटामात्र संस्कार रहेका छन् ।

किसान जाति संख्यात्मक रूपमा न्यून रहेको, चेतनाको राम्रो विकास नभएका कारणले गर्दा यो जाति बाहेक यहाँ अन्यजातिहरूको बाहुल्यता रहेकाले हाल यस जातिले आफ्नो मौलिकता गुमाउँदै गएको देखिन्छ । यिनीहरूको आफ्नो मौलिकता गुमाउने क्रम यही रूपमा रही रहने हो भने निकट भविष्यमा यिनीहरूको मौलिक संस्कृति, धार्मिक, सामाजिक, राजनैतिक पहिचानको लोप हुने अवस्था टड्कारो रूपमा आभाष हुन्छ । यसर्थ सम्वन्धित निकायहरूले बेलैमा उचित दृष्टि नपुऱ्याउने हो भने यो जातिको मौलिकता समाप्त नै हुने अवस्था रहेकोले समुचित दृष्टि पुऱ्याउन बाञ्छनीय देखिन्छ । अस्तु

सन्दर्भ ग्रन्थ र व्यक्तिहरू

१. पन्त शास्त्र दत्त–झापाका आदिबासी– साझा प्रकाशन-०४१
२. बिष्ट कुल बहादुर–किसान जाति एक अध्ययन- Village Profile M.A.-अप्रकाशित
३. उही
४. जोगी किसान, खुयु किसान-मागुर माडी-४ सेमेरडङ्गा
५. त्रिगुणयत जगदिश-उरावं भाषा और साहित्य-पञ्च दश लोक भाषा निबन्धावलि-विहार राष्ट्र भाषा परिषद, गया १९६० पृ. ११७
६. दहाल चिन्तामणी-झापाका विभिन्न जनजातिको झलक-अप्रकाशित
७. भावीर किसान (राजा) मागुर माडि ४ सेमेरडङ्गा
८. श्रीमती जिडनी किसान र श्रीमती कुनी किसान-मागुरमाडि ४ सेमेरडङ्गा
९. डोमरा किसान-किसान समुदाय सामाजिक क्लबका अध्यक्ष
१०. झाक्री किसान-धाइजन र पुना किसान-मागुरमाडी ४ सेमेरडङ्गा
११. उही
१२. बराल बासु-हिन्दु सामाजिक संगठनको प्रारूप- पृ. ४५ साझा प्रकाशन २०४४
१३. डा. खत्री प्रेम कुमार-नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू M.K. Publishers and Distributers KTM
१४. पुना किसान-मागुरमाडि ४ सेमेरडङ्गा
१५. चिलमाया किसान-(स्व. राजा ढोडी किसानकी विधवा)-मागुरमाडी ४ सेमेरडङ्गा
१६. खुयु किसान-धाइजन ८ र जोगी किसान-मागुरमाडी ४ सेमेरडङ्गा
१७. खुयु किसान-धाइजन ८ (यिनी किसान समुदायका मन्त्री (वकिल) पनि हुन्)

Reference

१. विष्ट डोर बहादुर-People of Nepal
२. शर्मा जनक लाल-हाम्रो समाज एक अध्ययन
३. राजवंशी दुर्गा चन्द्र सिंह-राजवंशी (कोच जातिको धर्म र संस्कृति) ०५७

यस बाहेक खुट्टीडागीका कोंहहरू, च्याल्मे गाउँका तोहिला किसान, भाविर किसान राजाका सिपाहीहरू, मागुरमाडिका बचन किसान र बाहुन किसान आदिको पनि सहयोग उपलब्ध रहचो ।

पुरातत्त्व विभागको गतिविधि (आ. व. ०५७/५८)

–सरला मानन्धर

नेपाल अधिराज्यभरका पुरातात्त्विक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्त्वका स्मारकहरू, विश्व सम्पदा सूचीमा परेका स्मारकहरू, पुरातात्त्विक स्थलहरू, कलात्मक तथा पुरातात्त्विक वस्तुहरू, धार्मिक नाच तथा रीतिरिवाज तथा पर्वहरू आदिको संरक्षण, जीर्णोद्धार, उत्खनन् तथा प्रदर्शन गरी देशको सम्पदा तथा संस्कृतिको जगेर्ना गर्ने लक्ष्य यस पुरातत्त्व विभागको रहेको छ ।

पुरातत्त्व विभागले गर्नुपर्ने कार्य क्षेत्र श्री ५ को सरकारको विकास योजनाको प्राथमिकता प्राप्त क्षेत्रमा नपर्ने हुँदा ज्यादै सीमित मात्रामा बजेट विनियोजित हुने हुँदा कार्य क्षेत्रको तुलनामा लगानी रकम कम भएकोले विभागले धेरै कठिनाइहरू सामना गरिरहनु परेको छ । तर पनि केही वर्षदेखि पुरातत्त्व क्षेत्रमा लगानी रकमको अनुपातमा केही वृद्धि हुँदै गरेको छ । विगत ४ वर्षको विकास तर्फको वार्षिक राष्ट्रिय बजेट र त्यसमध्ये यस विभागबाट सञ्चालित विकास कार्यक्रमहरूको लागि विनियोजित रकमलाई तुलनात्मक अध्ययन गर्दा निम्न तालिकाबाट राष्ट्रको वार्षिक विकास बजेटको के कति प्रतिशत रकम यस क्षेत्रमा लगानी भएको छ प्रष्ट हुने छ ।

आ. व.	विकास तर्फको राष्ट्रिय बजेट (रू. हजारमा)	यस विभागको विकास बजेट (रू. हजारमा)	राष्ट्रिय विकास बजेटको अनुपातमा विभागको विकास बजेटको प्रतिशत
२०५४/०५५	३,४०,३८,८४८	५७,२८०	०.१६८%
२०५५/०५६	३,७७,४१,१५३	५४,७४०	०.१४५%
२०५६/०५७	४,१८,५१,८९४	४६,२२५	०.११०४५%
२०५७/०५८	४,८१,०८,५८९	४९,५००	०.१०२८९%
२०५८/०५९	५,०४,७०,२७८	७६,०४१	०.१५०६७%

यस विभागबाट हरेक आ.व. मा राष्ट्रले विनियोजित गरेको रकमबाट गरिएका कार्यक्रमहरूको बारेमा सम्बन्धित सबैलाई जानकारी प्राप्त होस् भन्ने उद्देश्य राखी यस अङ्कमा गत आ.व. २०५७/०५८ को विकास कार्यक्रमहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

१. पुरातात्त्विक स्थल संरक्षण तथा सुधार आयोजना

यस आयोजना अन्तर्गत पाँच विकास क्षेत्रमा रहेका साँस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरू लगायतका अन्य साँस्कृतिक सम्पदाहरूको अध्ययन, अन्वेषण, उत्खनन्, संरक्षण एवं प्रकाशन, प्रदर्शन, विभागका विभिन्न शाखाहरू अन्तर्गत रहेका विभिन्न संग्रहालयहरू, दरबारहरू, राष्ट्रिय अभिलेखालय, केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालाको विकास कार्य तथा जन सहभागितामा सञ्चालित कार्यहरू पर्दछन् ।

यस आयोजना अन्तर्गत भएका कामहरू निम्न अनुसार छन् ।

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
(क)	**पूर्वाञ्चल**			
१.	**क्षेत्रीय संग्रहालय, धनकुटा**			
	१.१) प्रदर्शन कक्षको भुइँ, छाना मर्मत गर्ने र रङ्ग रोगन गर्ने कार्य सम्पन्न गर्ने	२५०	लक्ष्यनुसार कार्य सम्पन्न भएको	
	१.२) रिटेनिङ्ग वाल र कम्पाउण्ड वाल लगाउने कार्य सम्पन्न गर्ने (४० मी.)	३५०	" "	
२.	बराह क्षेत्रको मठ-मन्दिरको संरक्षण कार्य सम्पन्न गर्ने ।	१५०	" "	
३.	लेगुवाको नागेश्वर मन्दिरको जीर्णोद्धार कार्य २५% शुरू गर्ने ।	३००	" "	कार्यक्रम संशोधन गरी मन्दिर परिसरमा रहेको प्राचीन पोखरी जीर्णोद्धारगरिएको ।
ख.	**मध्यमाञ्चल**			
४.	**राष्ट्रिय अभिलेखालय**			
	४.१ नेपाल भाषा र लिपिमा लेखिएको अप्रकाशित हस्तलिखित ग्रन्थहरूको सूची तयार गरी प्रकाशन कार्य सम्पन्न गर्ने ।	१५०	" "	
	४.२ राष्ट्रिय अभिलेखालयको दक्षिण पर्खालको उचाई बढाउने कार्य सम्पन्न गर्ने ।	२५०	" "	
	४.३ बाइण्डिङ्ग सामान सालवसाली तवरले खरिद गर्ने कार्य ।	५०	" "	

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण		कैफियत
	४.४ अभिलेखालय भवनको छाना मर्मत गर्ने कार्य सम्पन्न गर्ने (९१२ ब.मी.)	१,२००	"	"	
५.	**राष्ट्रिय मुद्रा संग्रहालय, छाउनी**				
	५.१ पुरानो मुद्रा खरिद गर्ने कार्य	५०	"	"	
६.	**राष्ट्रिय संग्रहालय, छाउनी**				
	६.१ ऐतिहासिक पुलघर मर्मत गर्ने कार्य सम्पन्न गर्ने	२५०	"	"	
	६.२ दक्षिण तर्फको भत्केको पर्खाल पुनः बनाउने कार्य सम्पन्न गर्ने (११मी.)	११०	"	"	
७.	**राष्ट्रिय कला संग्रहालय, भक्तपुर**				
	७.१ पुजारी मठको छाना मर्मत बाँकी ४५% कार्य सम्पन्न गर्ने । (१९० ब.मी.)	८००	"	"	
	७.२ संग्रहालयका लागि स्टोर व्यवस्थित गर्ने कार्य सम्पन्न गर्ने ।	१५०	"	"	
	७.३ भक्तपुर स्थित ५५ झ्याले दरबार कार्य शुरू गर्न प्राविधिक लगत तयार गर्ने कार्य सम्पन्न गर्ने	५००	"	"	
८.	**केन्द्रीय सांँस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला, ललितपुर**				
	८.१ प्रयोगशाला भवनको बाँकी २३.६३% मर्मत कार्य पूरा गर्ने । (३७१ ब.मी.)	५००	"	"	
	८.२ संरक्षण कार्य तथा प्रयोगशालाको परीक्षणका लागि र स्मारकहरूको संरक्षणका लागि सालबसाली रसायन खरिद गर्ने कार्य सम्पन्न गर्ने ।	३००	"	"	४७ प्रकारको विभिन्न रसायनहरू खरिद गरिएको
	८.३ विभिन्न संग्रहालयको पौभा चित्र, ढुंगा तथा धातुको मूर्तिहरू सालबसाली संरक्षण गर्ने कार्य सम्पन्न गर्ने	१००	"	"	७६ थानको संरक्षण कार्य गरिएको
	८.४ भ.पु. भैरब चोकको भित्ते चित्र संरक्षण	५०	"	"	
९.	**नुवाकोट दरबार क्षेत्र**				
	९.१ गारद घरको बाँकी ५०% जीर्णोद्धार कार्य सम्पन्न गर्ने ।	१,५००	वर्षातको कारणले झिंगटी छाउन नसकिएको		
	९.२ साततले दरबारको छानाको चुहिएको पाखा सबै मर्मत कार्य सम्पन्न गर्ने ।	३५०	लक्ष्य अनुसार कार्य सम्पन्न भएको		

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
	९.३ नुवाकोट दरबार क्षेत्रमा आपतकालीन बसाली कार्य गर्ने अन्तर्गत पर्खाल मर्मत तथा सात तले दरबारमा विद्युत कार्यहरू सम्पन्न गरेको	५०	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
१०.	पुरातात्त्विक गतिविधि सहितको विवरण प्रतिवेदनहरू समाहित "प्राचीन नेपाल" ३ वटा अङ्क प्रकाशित गर्ने कार्य सालबसाली सम्पन्न गर्ने	१५०	" "	
११.	सांस्कृतिक सम्पदा प्रवर्द्धन गर्ने खालका पुरातात्त्विक वस्तुहरूको पोष्टकार्ड र भित्ते चित्र पात्रो सालबसाली उत्पादन कार्य गर्ने सम्पन्न गर्ने	१२५	" "	
१२.	फोटोग्राफी र डकुमेण्टेशन शाखाको सालबसाली जीर्णोद्धार तर्फको साविक कार्य सम्पन्न गर्ने	२००	" "	
१३.	विश्व सम्पदामा समाविष्ट क्षेत्रहरूको सालबसाली प्रचार प्रसार गर्ने अन्तर्गत चाँगुनारायण क्षेत्रको भि.सी.डी. डकुमेण्ट्री तयार गरेको ।	१००	" "	
१४.	संरक्षित स्मारक क्षेत्र भित्रका स्मारक क्षेत्रहरू मध्ये पाँच क्षेत्रको वर्गीकरण सम्पन्न गर्ने	४००	३ पटक बोलपत्र गर्दा पनि उपयुक्त बोलपत्र नपरेको र अन्य उपायबाट काम गराउन खोज्दा समयाभाव भएकोले कार्य प्रगति हुन नसकेको ।	
१५.	मापदण्ड अनुसार घर निर्माण गर्ने निजी घरहरूलाई सहुलियत स्वरूप रकम दिने कार्य सालबसाली पूरा गर्ने	५००	सहुलियतको लागि कुनै माग भई नआएको ।	
१६.	सम्पदा संरक्षण सम्बन्धी विभिन्न निकायलाई दश दिनको तालिम दिने कार्य सम्पन्न गर्ने ।	१००	लक्ष्य अनुसार कार्य सम्पन्न भएको ।	
१७.	स्मारकहरूको पुरानो फोटोहरू प्रदर्शन गर्ने र तीन उत्कृष्ट फोटोहरूलाई पुरस्कृत गर्ने ।	७५	२ पटक सूचना प्रकाशित गर्दा पनि फोटो प्राप्त नभएको	

क.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
१८.	सिन्धुली गढीको नक्शा तयार गर्ने तथा संरक्षण गर्ने आवश्यक ल.ई. बनाउने कार्य पूरा गर्ने	६०	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
१९.	चाँगुनारायण क्षेत्र			
	१९.१ चाँगुनारायण मन्दिरको गजूर छाना जीर्णोद्धार कार्य सम्पन्न गर्ने। (२२५ ब.मी.)	१,२००	" "	
	१९.२ चाँगुनारायण स्थित ढोका टोलको जर्हौ जीर्णोद्धार कार्य पूरा गर्ने।	१०	" "	
२०.	चितलाङ्को लिच्छविकालीन अभिलेखहरूलाई संरक्षण गर्ने कार्य पूरा गर्ने	१६	" "	
२१.	काठमाडौं उपत्यकाको मूर्तिहरू र अभिलेखहरूको संरक्षण कार्य शुरू गर्ने	७५	" "	हाडी गाउँस्थित सत्यनारायण मन्दिरको दक्षिणतर्फका मूर्तिहरूको संरक्षण गरिएको
२२.	रक्तकाली मन्दिर जीर्णोद्धार कार्य सम्पन्न गर्ने	३५०	" "	
२३.	हनुमानढोका स्थित महाविष्णु मन्दिरको ४३% जीर्णोद्धार कार्य सम्पन्न गर्ने रहेकोमा पहिले अमानतबाट गर्ने भन्ने निर्णय भएकोमा पछि नमिल्ने भनि टेण्डरबाट गराउने भन्ने निर्णय भएकोले काम पूरा नभएको।	२,२५०	" "	
२४.	बोडेगाउँ स्थित महालक्ष्मी मन्दिर जीर्णोद्धार कार्य सम्पन्न गर्ने।	३२५	" "	
२५.	क्यूरियो जाँचपास शाखामा आउने चोरी मूर्तिहरूको क्याटलग सालबसाली बनाउने कार्य सम्पन्न गर्ने।	२०	" "	
२६.	सिन्धुली स्थित कालिका मन्दिर संरक्षण कार्य सम्पन्न गर्ने	२३२	" "	
२७.	पश्चिमाञ्चल			
	२७.१ रामग्रामको उत्खनन् कार्य जारी राख्ने	४००	" "	
२८.	लमजुङ्ग दरबार			
	२८.१ लमजुङ्ग दरबारको पटाङ्गिनी मर्मत कार्य पूरा गर्ने। (२६७ ब.मी.)	१५२	" "	
	२८.२ लमजुङ्ग दरबारको तल्लाहरूमा भुई बनाउने कार्य पूरा गर्ने। (१४०.५)	५००	" "	

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
२९.	**क्षेत्रीय संग्रहालय, पोखरा**			
	२९.१ क्षे. संग्रहालयको छाना मर्मत सम्पन्न गर्ने । (४२.३ व.मी.)	२१२	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
	२९.२ पर्यटकहरूको क्यामेरा, ब्यागहरू सुरक्षित राख्ने दराज खरिद गरी संग्रहालयको टिकट, घरको वातावरण सुधार गर्ने कार्य पूरा गर्ने	५०	" "	
३०.	**क्षेत्रीय संग्रहालय, कपिलवस्तु**			
	३०.१ कम्पाउण्डवालको बाँकी ३०% कार्य पूरा गर्ने ।	६००	" "	
	३०.२ संग्रहालय ढोका संगैको जग्गा अधिकरण गर्ने कार्य पूरा गर्ने (२ कट्ठा)	२००	" "	
३१.	**पुर्णेश्वर शिवालय पर्वतको मर्मत सम्भार सम्पन्न गर्ने ।**	३००	" "	
३२.	**मध्य पश्चिमाञ्चल**			
	३२.१ सुर्खेत संग्रहालय भवनको छाना तथा प्यारापिठ पर्खाल मर्मत गर्ने कार्य पूरा गर्ने । (छत ढलान २५० व.मी. प्यारापिठ ९० मी.)	१५०	" "	
	३२.२ संग्रहालयमा प्रदर्शित गर्न एक जनजातिको मोडेल बनाउने कार्य शुरू गर्ने अन्तर्गत मगर जातिको मोडेल बनाएको	६०	" "	
३३.	**काँक्रे विहारको नक्शाहरू तयार गर्ने कार्य पूरा गर्ने (९०%)**	७००	" "	
३४.	**मालिकादेवी मन्दिर (अछाम) लाई जीर्णोद्धार गर्न अनुदान दिने ।**	२००	" "	

३५. पुरातात्त्विक स्मारकहरूको सालवसाली आपतकालीन संरक्षण कार्य अन्तर्गत भएका कामहरूको लागि रू. १८,६६,०००/- विनियोजित भएकोमा निम्न बमोजिम खर्च गरिएको ।

क)	भक्तपुर स्थित कू सँभ्यालको	१,४०,५३९/३४
ख)	भीमसेन सत्तल, दाप्चा	१,००,०००/-
ग)	राष्ट्रिय संग्रहालय स्थित बौद्ध ग्यालरीको छाना मर्मत	२,६३,७१७/-
घ)	गारतघर, नुवाकोट	८,५६,५८१/-
ङ)	मनमैजु मन्दिर जीर्णोद्धार	५०,०००/-
च)	माइक्रोफिल्म भवनको छाना मर्मत	६५,३१०/-
छ)	मुस्ताङ्गबाट प्राप्त मानव अवशेष बचाई राख्न Air Condition Humiditifier	१,३५,६६६/-
ज)	भक्तपुरमा रहेका असुरक्षित अभिलेखहरूको संरक्षण कार्य	४६,०११/-
झ)	बनारस साम्राज्येश्वर मन्दिरमा पानीको व्यवस्था सम्बन्धी कार्य गरेको	२०,०००/-

२. गोरखा दरबार क्षेत्र संरक्षण परियोजना

गोरखाको ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्त्विक महत्वका दरबार, मठ-मन्दिर, कोत किल्ला, ढुङ्गेधारा आदि महत्त्वपूर्ण सम्पदाहरूको सुधार संरक्षण तथा जीर्णोद्धार गरी गोरखालाई ऐतिहासिक रूपमा परिचित गराउनुका साथै पर्यटक उद्योगलाई टेवा पुऱ्याउन मद्दत गर्ने उद्देश्य राखिएको छ । विगत आ.व. २०४४/०४५ देखि यस परियोजना सञ्चालन हुँदै आएको छ ।

गोरखा दरबार क्षेत्र संरक्षण परियोजना

क.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
१.	तल्लो दरबार संगैको घरजग्गा अधिकरण जम्मा तीनघर र १३ आना जग्गा	४,०००	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
२.	खोपी धाराबाट शक्तिचोक निस्कने खोल्सीमा पक्की ढलको व्यवस्था गरी सिंढी बाटो बनाउने (१२५ मी. लामो)	२,१५०	" "	
३.	पृथ्वी प्रतिमा स्थलमा लगाएको फूल बिरूवा गोडमेल र हेरचाह गर्ने ।	१५०	" "	
४.	श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह लाई एकीकरण अभियानमा सहयोग गर्ने व्यक्तिहरूको नामावली लेख्ने कार्य	४०		सम्बन्धित निकायबाट नामावली प्राप्त नभएकोले कार्य सम्पन्न नभएको ।

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
५.	अनुशरण कार्य पोखरीको मर्मत र अन्य कार्य समेत गर्ने ।	१००	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
६.	गोरखा दरबार परिसर (हाता) भित्रका स्मारकहरूमा रङ्गरोगन गर्ने रसायनिक उपचार गर्ने कार्यको लागि	३९२	" "	

३. काठमाडौं उपत्यका साँस्कृतिक सम्पदा संरक्षण गुरूयोजना

काठमाडौं उपत्यका साँस्कृतिक सम्पदाहरूको संरक्षणको लागि यूनेस्कोबाट तयार भएको गुरूयोजना अनुरूप काठमाडौं उपत्यकामा रहेका विभिन्न साँस्कृतिक सम्पदाहरूलाई संरक्षण गर्ने उद्देश्यले विगत आ.व. २०३६/०३७ देखि कार्य सञ्चालन गर्दै आइरहेको छ ।

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
१.	शंखमूल स्थित चामुण्डा मन्दिर क्षेत्रको जीर्णोद्धार कार्य शुरू गर्ने । (६६.६६%)	८००	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
२.	भीमसेन मन्दिरको बाँकी काम सम्पन्न गर्ने (४५%)	५००	" "	
३.	आकस्मिक कार्य अन्तर्गत पाटन दरबार स्थित कुमारी चोकको पूर्वी गान्होको पश्चिम तर्फ रहेको दरबार स्क्वायर भित्र अवस्थित कुमारी चोकको पूर्वी गान्होको पश्चिम तर्फ फर्केको पाखा छाना मर्मत कार्य भएको र सोही पाखा छाना मुनिबाट तलेजुको पूजा आजाको कार्यहरू गर्दाको पानी बाहिर निकासा हुन (पोलिथिन) पाईप जडान गरेको । मूलचोकको उत्तर लंगको कुमारी चोकतिर फर्केको छानाको मुंसी, दलिन, टाइल, आदि फेर्ने कार्य भएको	२००	" "	

४. स्वयम्भू संरक्षण योजना

स्वयम्भूको गुरूयोजना अनुसार स्वयम्भू क्षेत्रको संरक्षण गर्दै लाने उद्देश्य अनुरूप विगत आ.व. २०४६/०४७ देखि यस योजनाले कार्य गर्दै आएको छ ।

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
१.	हारती माता मन्दिर जीर्णोद्धार कार्य पूरा गर्ने	५००	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
२.	पुरानो गुम्बा मर्मत सम्भार सम्पन्न गर्ने	२००	"	"
३.	एक घरको मोहडा जीर्णोद्धार कार्य सम्पन्न गर्ने	५००	"	"
४.	सालवसाली आपतकालीन संरक्षण कार्य अन्तर्गत ज्ञानमाला भजन सत्तलको पछाडि भू-क्षय संरक्षण गर्ने कार्य गरेको	२५०	"	"

५. स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर

यस अन्तर्गत चाँगुनारायण संरक्षित स्मारक क्षेत्र तथा भक्तपुर संरक्षित स्मारक क्षेत्र स्थित स्मारकहरूको संरक्षण तथा सुरक्षा गर्ने कार्य रहेको छ । साथै भक्तपुर विकास परियोजनाद्वारा जीर्णोद्धार गरिएका स्मारकहरूको अनुशरण कार्य तथा जन सहभागितामा स्मारकहरूको संरक्षण गर्ने कार्य पनि सञ्चालन हुँदै आएका छन् ।

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
१.	ज्योतिर्लिङ्गेश्वर क्षेत्र सुधार नयाँ सत्तल जीर्णोद्धार कार्य सम्पन्न गर्ने ।	६००	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
२.	भक्तपुर स्थित स्मारकहरूको लागि अनुशरण कार्यक्रम अन्तर्गत तव सत्तलको पश्चिम पाखाको छानाको काम सम्पन्न गरेको	७००	"	

६. काभ्रे एकीकृत आयोजना

काभ्रे जिल्ला अन्तर्गतको ऐतिहासिक ७ गाउँ-पनौती, बनेपा, धुलिखेल, चौकोट, साँगा, नाला र खडपुमा रहेका प्राचीन स्मारकहरूको संरक्षण सम्भार गरी उक्त स्थानहरूलाई साँस्कृतिक पर्यटक स्थलको रूपमा विकसित गर्ने यस आयोजनाको उद्देश्य रहेको छ । काभ्रे जिल्लाको कृषि क्षेत्रको विकासमा यथोचित सहयोग पुऱ्याउने एवं त्यहाँ रहेका विद्यालय भवनहरूलाई पुनर्स्थापना गर्ने समेत यस आयोजनाको लक्ष्य रहेको छ ।

क्र.सं.	कार्य विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण प्रगति परिमाण	कैफियत
१.	सामाजिक कार्यः- नाला भगवती मन्दिर, धुलिखेल नारायण मन्दिर, बनेपा भीमसेन पाटी, पनौती लाछीपाटी तथा रत्नचुडेश्वर नि.मा.वि. नाला	९,०६०	लक्ष्य अनुसार कार्य सम्पन्न भएको	
२.	कृषि विकास कार्यः- माहुरी पालन कार्यक्रम, बाखा पालन तथा कृषि कार्यक्रम गरिएको ।	२,७००	"	
३.	प्रशासनिक कार्य	५,४४०	" "	

विभागबाट सम्पन्न अन्य कार्यहरू

माथि उल्लेखित गरिएका विकास कार्यक्रमहरूको साथसाथै विभागका केही महत्त्वपूर्ण गतिविधिहरू निम्न अनुसार रहेका छन् ।

जात्रा, पर्व र नाचहरू

परम्परादेखि चल्दै आएको जात्रा नृत्य एवं पूजाहरू निरन्तर रूपमा सञ्चालन भइरहोस् भन्ने अभिप्राय अनुरूप यस विभागले सम्बन्धित व्यक्तिहरूलाई आर्थिक अनुदान दिंदै आएको छ । सोही अनुरूप आ.व. २०५७/०५८ मा विभिन्न नाच, जात्रा पर्वहरूलाई निम्न अनुसारको आर्थिक अनुदान उपलब्ध गराइयो ।

साल बसाली यस विभागबाट अनुदान पाएका

नाच जात्राहरू		रकम
१.	महाकाली नाच भक्तपुर ६ थरी	७,२६०
२.	रामचन्द्र नाच	७,२६०
३.	दश अवतार नाच, त्रिपुरेश्वर	१०,८९०
४.	भैरवनाच, हल्चोक	६,०५०
५.	लाखे नाच, मजिपाट	६,०५०
६.	गाउने ठाडी, यटखा	१,८१५
७.	कार्तिक नाच, ललितपुर	३७,५१०
८.	माघ जात्रा, वटु	४,८४०
९.	हात्ती नाच, किलागल	३,०२५
१०.	भीमसेन जात्रा, ललितपुर	३,३००
११.	कृष्ण पूजा, ललितपुर	३,३००
१२.	न्यकुजात्रा मतया, ल.पु.	१६,३००
१३.	अष्टमातृका (गँप्याखँ), ल.पु.	२५,०००

द्रष्टव्यः- सम्पूर्ण नाच र जात्राहरूलाई प्रत्येक दुई वर्षमा अनुदान रकममा १० प्रतिशत थप गर्ने गरी मं.प. को निर्णय भएको अनुसार गर्ने गरिएको छ ।

विभागबाट पटके अनुदान प्राप्त नाच तथा जात्राहरू

१.	दश अवतार नाच, त्रिपुरेश्वर	रू. १०,०००
२.	फर्पिङ्ग कार्तिक नाच, फर्पिङ्ग	रू. १०,५००
३.	निरञ्जना भगवती जात्रा, नुवाकोट	रू. ६,०००

छायाङ्कन सहमति

संरक्षित स्मारक क्षेत्रहरू भित्र चलचित्र, टेलिचलचित्र, वृत्तचित्र आदिको छायाङ्कन गर्न चाहने स्वदेशी वा विदेशी व्यक्तिहरूले निर्धारित दस्तुर तिरी यस विभागको पूर्व स्वीकृति लिनुपर्ने प्रावधान रहे अनुसार आ.व. २०५७/०५८ मा फिल्म छायाङ्कन सहमति प्रदान गरेको संख्या ३३ वटा मध्ये स्वदेशी ९ र विदेशी २४ रहेका छन् ।

नक्शा पास तथा सिफारीश

विश्व सम्पदा सूचीमा समाविष्ट संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुन: निर्माण गर्न चाहने व्यक्तिले पेश गरेको नक्शामा पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने प्रावधान रहे अनुसार आ.व. २०५७/०५८ मा ललितपुर क्षेत्रको १५, हनुमानढोका क्षेत्रको ७, भक्तपुर क्षेत्रको ७, स्वयम्भू क्षेत्रको १, बौद्धनाथ क्षेत्रको ४, पशुपतिनाथ क्षेत्रको २, एवं चाँगुनारायण क्षेत्रको २ गरी जम्मा ३८ थान नक्शा पासको लागि स्वीकृत भई गएका छन् ।

यसैगरी संरक्षित स्मारक क्षेत्रमा बनेका घरहरूको बेच बिखन, बन्धक, धितो, दान, दातब्य र बक्सपत्र आदिको लागि पनि मालपोत कार्यालयलाई पुरातत्त्व विभागबाट सिफारीशको लागि पठाइने प्रावधान रहेकोमा पशुपति क्षेत्रमा नामसारी १, ललितपुर क्षेत्रमा बिक्री ५, बक्सपत्र २, नामसारी १, दृष्टि बन्धक २, भक्तपुर क्षेत्रमा बिक्री १, स्वयम्भू क्षेत्रमा नामसारी १, बेचबिखन २, दृष्टि बन्धक २, शेषपछि बक्स पत्र १, अरूलाई राजिनामा बक्स पत्र-१ रैकर परिणत दर्ता १ रहेका छन् ।

क्यूरियो सामान जाँचपास

एकसय वर्ष ननाघेका आधुनिक हस्तकलाका वस्तुहरूको नेपालबाट निकाशी गर्नु पर्दा पुरातत्त्व विभागबाट जाँचपास गर्ने प्रावधान रहेकोमा गत आ.व. मा ५,०६,२७४ थान विभिन्न क्यूरियो सामानहरू जाँच गरी जाँचपास प्रमाण-पत्र वितरण गरिएको थियो ।

यसैगरी गत आ.व. मा प्रहरीद्वारा पक्राउ गरी आवश्यक खोज अनुसन्धान गर्न पुरातात्विक प्रतिवेदनको लागि यस विभागमा पठाइएका विभिन्न मूर्तिहरू र अन्य हस्तकला सम्बन्धी वस्तुहरू १०४ थान रहेका छन् ।

श्री ५ महेन्द्र प्रकृति कोष तथा अमेरिकन हिमालय फाउण्डेशनको सहयोगमा साण्डेय केन्ट्रो एशोसियट्सबाट जीर्णोद्धार भइरहेको लोमाङ्गथानको थुप्चेन गुम्बा एशोसियट्सको अनुरोधमा यस विभाग सहभागी भई आएकोमा स्मारकसंगै बनाइएको मोटर बाटोले सम्पदालाई हानी पुर्‍याउने हुँदा यस सम्बन्धमा अग्रिम कारवाही भइरहेको ।

श्री ५ को सरकार र इटालीको ISIAO संग भएको सम्झौता अनुसार वि.सं. २०५७ को हिउँदमा कपिलवस्तु जिल्लाको पिपरीमा उत्खनन् तथा वाणगंगा र कोठी नदीको बीचको भू-भागको पुरातात्विक सर्भेक्षण सम्पन्न भएको ।

श्री ५ को सरकार र बेलायतको क्याम्ब्रीज आर्कियोलजिकल युनिट बीच भएको सम्झौता अनुसार वि.सं. २०५६/०५७ मा कास्की र लमजुङ्गको कोला क्षेत्रमा पहिलो सिजनको उत्खनन् भै त्यसको प्रतिवेदन प्राप्त भइसकेको ।

श्री ५ को सरकार र बेलायतको क्याम्ब्रीज आर्कियोलजिकल युनिट बीच भएको सम्झौता अनुसार वि.सं. २०५७ को आश्विन र कार्तिकमा जुम्लाको सिञ्जामा पहिलो सिजनको उत्खनन् सम्पन्न भएको ।

यस विभागबाट सर्भेक्षणको क्रममा कास्की जिल्ला कालिका गा.वि.स. वडा नं. ८ भैंसेमा जीवास्ममा परिणत भएका रूखहरू फेला पारेको ।

वुटवल नगरपालिकाको अनुरोधमा यस विभागबाट बुटवल नगरपालिका वडा नं. ३ जीतगढीमा उत्खनन् कार्य गरेको ।

प्राविधिक सहयोग

पुरातत्त्व विभागले विभिन्न निकायहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउँदै आएकोमा गत आ.व. २०५७/०५८ मा निम्न कार्यहरूको लागि प्राविधिक सहयोग उपलब्ध गराएको थियो ।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आ.व. २०५७/०५८ को स्वीकृत कार्यक्रम अनुसार यस विभागका प्राविधिकहरूबाट गरिएका कार्यहरू यसप्रकार रहेका छन् ।

१. श्री गुप्तकालीन मन्दिर, ठूलो पोखरी जीर्णोद्धार, कास्की
२. श्री कुम्भेश्वर मन्दिर मर्मत सम्भार, ललितपुर
३. श्री बढिमालिका तथा नाटचेश्वरी भगवती मन्दिर जीर्णोद्धार कैलाशमाण्डौ, बाजुरा
४. श्रीवैद्यनाथ मन्दिरको यज्ञशाला र कीर्तन गृहको मर्मत, अछाम

५. सेतोपाटी जीर्णोद्धार, नुवाकोट
६. हरिसिद्धि भवानी मन्दिरको छाना छाउने काम, ललितपुर ।
७. यम्पी महाविहारमा तेलीया ईंटा छाप्ने कार्य, ल.पु.
८. टुडाँलदेवी मन्दिर जीर्णोद्धार, काठमाडौं
९. दुर्लुङ्गकोट, भुमे स्थान जीर्णोद्धार, पर्वत
१०. वाराही च्वोछें जीर्णोद्धार, भक्तपुर
११. गणेश स्थान जीर्णोद्धार तथा वातावरण सुधार, सिन्धुली
१२. चित्रे गुम्वा जीर्णोद्धार एवं माई पोखरी जीर्णोद्धार, इलाम
१३. शिव मन्दिर जीर्णोद्धार एवं वातावरण सुधार, इलाम

आ.व. २०५७/०५८ मा प्राप्त भएका निवेदनको आधारमा स्थलगत अध्ययन गरी निम्न स्थानको प्रतिवेदन तयार गरिएका छन्–

१. छाचोक स्थित गुफा, सिलजुरे गा.वि.स. वडा नं. ९, कास्की
२. पाल्पास्थित तानसेन दरबार, अमरनारायण मन्दिर, अर्गली दरबार र रानीघाट दरबार
३. फर्पिङ्ग वज्रयोगिनीमा बत्ती बाल्ने पालाहरू राख्ने सम्बन्धमा ।
४. ज्ञानेश्वर नानक मठ
५. विष्णुदेवी मन्दिर, तीनथाना
६. गोकर्णेश्वर महादेव मन्दिर
७. का.जि. महादेवस्थान गा.वि.स. स्थित मातातीर्थ, तथा गोकर्णस्थित पाटी र सत्तल
८. सिराहाका मन्दिरहरू
९. गोकर्णेश्वर पाटी
१०. चाबहील गणेशस्थान
११. जीतपुर फेदी शिद्धेश्वर महादेव र जीतपुर फेदी ५ माने
१३. ल.पु. लामाटार स्थित श्रृङ्ग ऋषिको गुफा
१४. सत्यनारायण मन्दिर, हाँडीगाउँमा शौचालय निर्माण
१५. का.जि. रामकोटको शिलापत्र उतार
१६. इन्द्रायणी गा.वि.स. कुसुमथली सेतीदेवी
१७. दक्षिणकाली फर्पिङ्ग बजारको शिखरापुरमा संग्रहालय निर्माण
१८. धुलिखेल स्थित श्वेत भैरव मन्दिर
१९. गुल्मी स्थित इस्मा भगवती र इस्माकोट
२०. टोखा चण्डेश्वरी
२१. बाल्मीकी आश्रम
२२. डडेल्धुरा असिग्राम मन्दिर
२३. लेखनाथ मार्गको कुलदेवता थान
२४. दयाश्वर महादेव मन्दिर
२५. बाघभैरव मन्दिर स्थित महादेव मन्दिर
२६. कीर्तिपुर चिलंचो चैत्य
२७. श्वेत भैरव मन्दिर र परिसर, धुलिखेल
२८. नयाँपाटी, संखुपाटीचौर
२९. त्रिवेणीघाट, पनौती
३०. वटुटोल स्थित नाथेश्वरी गुठीघर
३१. सुन्धारा, काठमाडौं
३२. पुल्चोक स्थित पाटी, ललितपुर
३३. खिउल्ह टोलको नारायण मन्दिर, भेडासिं
३४. ठमेल वडा भवन अगाडिको गणेश र महाकाल मन्दिर
३५. ठिमी स्थित जिस्वावाहाल
३६. सिद्धि गणेश च्वोछें, भक्तपुर
३७. सतासीधाम-७ को चिलागढ
३८. का.म.न.पा. जैसिदेवल मन्दिर
३९. टुटेश्वर महादेव मन्दिर, महोत्तरी
४०. दक्षिणकाली गा.वि.स. कोछुटोलको सत्तल

ABOUT THE AUTHORS

Mr. Sukra Sagar Shrestha	— Chief Archaeology Officer, DOA.
Mr. Sabitree Mainali	— Lecturer, Padma Kanya Multiple Campus.
Mr. Prakash Darnal	— Archaeology Officer, DOA.
Mr. Keshab Prasad Adhikari	— Assistant Lecturer, Mechi Multiple Campus, Bhadrapur, Jhapa
Sarala Manandhar	— Chief, National Archives.

का. मे. अ. द. नं. ८/६८,   हु. द. स. बा. अ. नं. २/०२३

"**प्राचीन नेपाल**" का निमित्त प्राग्-इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयको सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हुनेछ ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of art work are invited to **"Ancient Nepal".**

The contribution should be concise and well-documented and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the Editor or The Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal